# Nielsen आपूर्तिकर्ता आचार संहिता संस्करण २

डिसेम्बर २०१६

Nielsen अखण्डता र सामाजिक उत्तरदायित्वका उच्चतम मानकहरू कायम राख्ने कुरामा प्रतिबद्ध छ।हामी आफूले व्यवसाय गर्ने तेस्रो पक्षहरूले पनि यस्तै प्रकारका उच्च मानकहरू हासिल गरून् भन्ने चाहन्छौं। यसआपूर्तिकर्ता आचार संहिता (संहिता) ले Nielsen लाई सामान वा सेवा प्रदान गर्ने जुनसुकै आपूर्तिकर्तामा लागू हुने सामान्य मापदण्डहरू निर्धारण गर्दछ। आपूर्तिकर्ता र Nielsen बीचको कुनै विशेष सम्झौताका सर्तहरूमा केही यस्तै खाले विषयहरूलाई सम्बोधन गर्ने थपप्रावधानहरू हुन सक्छन्। यससंहिताको कुनै पनि कुराको तात्पर्य कुनै विशिष्ट सम्झौताका जुनसुकै थपविशिष्ट प्रावधानको ठाउँ लिनु होइन र यससंहिता र कुनै विशेष सम्झौताको जुनसुकै प्रावधानमा कुनै असंगतता भएको हद सम्म, उक्त सम्झौताका प्रावधानहरूले नियन्त्रण गर्छन्। यससंहिताको तात्पर्य कुनै पनि कानुनको ठाउँ लिनु होइन। आपूर्तिकर्ताहरूले आफूले व्यवसाय संचालन गर्ने प्रत्येक न्यायक्षेत्रका लागू हुने कानुन र अधिनियमहरूको पालना गर्नेछन्।

इलेक्ट्रोनिक्स उद्योगको नागरिकता गठबन्धनको आचार संहिता र व्यवसाय र मानवाधिकार बारे UN का मार्गदर्शक सिद्धान्तहरू सँग मेलखवाउन यससंहिताका प्रावधानहरू *कार्यस्थलका आधारभूत सिद्धान्त र अधिकारहरूको बारेमा ILO को घोषणा* तथा *UN को मानवाधिकारहरूको युनिभर्सल घोषणा* लगायतका मुख्य अन्तर्राष्ट्रिय मानवाधिकार मानकहरूबाट लिइएका छन्।

## क कामदारहरू

आपूर्तिकर्ताहरू कर्मचारीहरूका मानवाधिकारहरूको देखरेख गर्न र तिनीहरूसँग अन्तर्राष्ट्रिय मानवाधिकारका मानक अनुसारको मान र सम्मानका साथ व्यवहार गर्न प्रतिबद्ध छन्। यो कुरा अस्थायी, आप्रवासी, विद्यार्थी, सम्झौता, प्रत्यक्ष कर्मचारी र जुनसुकै अन्य प्रकारको कामदार लगायतका सबै कामदारहरूमा लागू हुन्छ।

कामदारहरू सम्बन्धी अनिवार्य मानकहरू निम्न हुन्:

**१) स्वतन्त्र रूपमा छनौट गरिएको रोजगारी** - बलपूर्वक, बन्धनमा पारेर (ऋणको बन्धकी सहित) बनाइएको कामदार, स्वेच्छा विरुद्धको कैदी कामदार, दास बनाइएका वा तस्करी गरिएका व्यक्तिहरूको प्रयोग गरिने छैन। यसमा कामदारी वा सेवाका लागि धम्की, बल, जबर्जस्ती, अपहरणवा जालसाजीको माध्यमले गरिने ओसार-पसार, शरण, नियुक्ति, स्थानान्तरण वा प्राप्ति समावेश छ।

- नियुक्तिको प्रक्रियाको भागको रूपमा कामदारहरूलाई उक्त उम्मेदवार जुन भाषामा पारंगत छत्यसमा उसको नियुक्तिका सर्तहरूको वर्णन प्रदान गर्न अनिवार्य छ। आप्रवासी कामदारहरूको मामिलामा, उक्त कामदार आफ्नो मूल देशबाट प्रस्थान गर्नु अघि यो कुरा प्रदान गर्न अनिवार्य छ।
- सबै काम स्वेच्छिक हुन र कामदारहरू जुनसुकै समयकाम छोड्न वा आफ्नो नियुक्ति खारेज गर्नका लागि अनिवार्य रूपमा स्वतन्त्र हुनुपर्छ। कामदारहरू काममा संलग्न नहुँदा आफ्नो कार्यस्थल वा आवास छोड्नका लागि स्वतन्त्र हुनेछन् र तिनीहरू आफ्ना आधारभूत स्वतन्त्रता माथिको (जस्तै शोचालय जाने, पानी पिउने आदि) अनुचित सीमाको अधीनमा हुने छैनन्।
- कानुन अनुसार आवश्यक नभएसम्म, रोजगारदाता र एजेन्टहरूले कामदारद्वारा सरकारद्वारा जारी गरिएको पहिचानपत्र, वासपोर्ट वा कामको परमिट जस्ता आफ्नो पहिचान वा आप्रवासका कागजातहरूमा गरिने पहुँच रोक्ने वा अन्य कुनै प्रकारले नष्ट गर्ने, लुकाउने, जप्त गर्ने वा निषेध गर्ने छैनन्।
- कामदारहरूले आफ्नो भर्तीको लागि रोजगारदाता वा एजेन्टहरूको भर्ती शुल्क वा अन्य सम्बन्धित शुल्कहरू तिर्नुपर्ने छैन। यदि कामदारले यस्तो प्रकारको कुनै पनि शुल्क तिरेको पाइयो भने यस्तो शुल्क उक्त कामदारलाई फिर्ता गरिनेछ।

२) **युवा कामदारहरू** - आपूर्ति श्रृंखलाको कुनै पनि चरणमा बाल कामदारहरूको प्रयोग गरिने छैन। उक्त "बाल" शब्दको तात्पर्य १५ वर्ष मुनि वा अनिवार्य शिक्षा पूरा गर्ने उमेरभन्दा कमउमेरको वा उक्त देशमा नियुक्तिका लागि रहेको न्यूनतम उमेर भन्दा कमको जुन कुरा सबैभन्दा धेरै लागू हुन्छ त्यही हो। १८ वर्ष मुनिका कामदारहरू (युवा कामदारहरू) ले नाइट शिफ्ट र ओभरटाइम लगायतका तिनीहरूको स्वास्थ्य र सुरक्षालाई जोखिममा पार्न सक्ने काम गर्ने छैनन्। आपूर्तिकर्ताहरूले विद्यार्थीका रेकर्ड, शैक्षिक साझेदारहरूको कठोर परिश्रम र लागू हुने कानुन र अधिनियम अनुसार विद्यार्थीका अधिकारहरूको सुरक्षाको सही ढंगले हेरचाह गरी विद्यार्थी कामदारहरूको सही व्यवस्थापन गर्नेछन्। आपूर्तिकर्ताहरूले सबै विद्यार्थी कामदारहरूलाई उचित सहायता र तालिम प्रदान गर्नेछन्। सान्दर्भिक स्थानीय कानुन नभएको खण्डमा विद्यार्थी कामदार, इन्टर्न र कारिगरहरूको तलब्दर कम्तीमा समान स्तरको वा उस्तै खाले कार्य गर्ने अन्य प्रारम्भिक चरणका कामदारहरूको तलब्दर बराबर हुनेछ।

३) **कामको समय** आपतकालीन अवस्था वा असामान्य परिस्थितिहरू बाहेक, साताका कार्यदिनहरू स्थानीय कानुनले निर्धारण गरेको भन्दा बढी हुने छैनन् र प्रति हप्ता कामको समय६० घन्टा भन्दा बढी हुने छैन। कामदारहरूलाई हरेक सात दिनमा कम्तीमा एकदिन बिदा लिन अनुमति दिइनेछ।

४) **तलबर लाभहरू -** कामदारहरूलाई दिइने पूर्तिको रकमलागू हुने सबै कानुन अनुसार हुनेछ जसमा न्यूनतम तलबसँग सम्बन्धित, ओभरटाइमको समयर कानुनी दृष्टिले अनिवार्य लाभहरू सामेल छन्। आपूर्तिकर्ताहरूले कामदारहरूलाई ओभरटाइमका लागि स्थानीय कानुन अनुसारको पूर्ति रकमप्रदान गर्नेछन्। अनुशासनात्मक कारबाहीको रूपमा तलबबाट रकमकटौती गर्ने अनुमति दिइने छैन। हरेक भुक्तानीको अवधिमा कामदारहरूलाई उक्त कामका लागि सही पूर्ति रकमदिइको पुष्टि गर्ने पर्याप्त जानकारी भएको समयमै प्रदान गरिने र बुझ्न सकिने तलबको विवरण प्रदान गरिनेछ। अस्थायी, डिस्प्याचवा आउटसोर्स गरिने कामदारको जस्तोसुकै प्रयोग स्थानीय कानुन अनुसार हुनेछ।

५) **मानवीय व्यवहार** - कामदारहरूसँग जुनसुकै प्रकारको यौन उत्पीडन, यौन दुर्व्यवहार, शरीरिक दण्ड, मनसिक वा शारीरिक जबर्जस्ती वा शाब्दिक दुर्वचन लगायतको कुनै पनि अपमानजनक वा अमानवीय व्यवहार गरिने छैन। यी मापदण्डहरूको समर्थन गर्ने अनुशासनात्मक नीति वा प्रक्रियाहरू स्पष्ट रूपमा परिभाषित गरिएको र कामदारहरूलाई बताइएको हुनु पर्नेछ।

६**) भेदभाव-रहित -** आपूर्तिकर्ताहरूले कर्मचारीहरू प्रति मान र सम्मानको व्यवहार गर्नेछन् अपमान तथा दुर्व्यवहार रहित कार्यस्थलको वातावरण प्रदान गर्नेछन्। आपूर्तिकर्ताहरू कुनै कर्मचारीको कामको प्रदर्शनसँग असम्बन्धित प्रतिभालाई आधार बनाएर भेद गर्ने भर्ती वा नियुक्ति प्रक्रियामा संलग्न हुने छैनन्। कामदारहरूलाई धार्मिक क्रियाकलापका लागि उचित सुविधा प्रदान गरिनेछ। यसका अतिरिक्त, कामदार वा सम्भावित कामदारहरूलाई कुनै भेदभावपूर्ण तरिकामा प्रयोग गरिने चिकित्सा परीक्षण वा शारीरिक परीक्षाका लागि बाध्य गरिने छैन।

७) **संघीय स्वतन्त्रता -** स्थानीय कानुन अनुसार, आपूर्तिकर्ताहरूले सबै कामदारहरूको आफ्नो छनौट अनुसारको व्यापार संघमा सामेल हुने वा हट्ने, सामूहिक रूपमा मोलभाव गर्ने, शन्तिपूर्ण भेलामा संलग्न हुने अधिकारको सम्मान गर्नुका साथै यस्ता गतिविधिहरूबाट टाढा रहने कामदाहरूको अधिकरको सम्मान गर्नेछन्। कामदार र तिनीहरूका प्रतिनिधिहरू भेदभाव, प्रतिहिंसा, धम्की वा दुर्व्यवहारको डर बिना कामको अवस्था र व्यवस्थापनका कार्यहरूको सम्बन्धमा व्यवस्थापन विभागसँग खुला तरिकाले बातचित गर्न तथा विचार र चिन्ताका विषयहरू अदान-प्रदान गर्न सक्षम हुनेछन्।

## ख स्वास्थ्य र सुरक्षा

आपूर्तिकर्ताहरूले निम्न सहित व्यवसायका सबै पक्षहरूमा राम्रो स्वास्थ्य र सुरक्षा अभ्यास समावेश गर्नेछन् भन्ने आशा गरिन्छः पेशा सम्बन्धी सुरक्षा (कामदारहरू सम्भावित सुरक्षा खतरामा पर्ने जोखिम सीमित गर्ने); आपतकालीन अवस्थाका लागि तयार रहने (कर्मचारीका लागि तालिम र व्यावहारिक ज्ञान लगायतका आपतकालीन योजना र

प्रतिकियाका प्रक्रियाहरूको कार्यान्वयन); पेशा सम्बन्धी चोटपटक र बिमारीबाट रोकथाम र रिपोर्टिंग; औद्योगिक स्वास्थ्य (रसायन, जैविक रसायन र भौतिक कारकहरूबाट हुने जोखिम नियन्त्रण र सीमित गर्ने); धेरै शरीरिक बलको आवश्यकता पर्ने कार्य सीमित गर्ने तथा भारी र खतरनाक मेसिनहरूको प्रयोगमा सुरक्षा अपनाउने; सफा र सुरक्षित कार्यस्थलको वातावरण माथिको पहुँच (सफा शौचालयको सुविधा, पिउने योग्य पानी र स्वस्थ खानपानको व्यवस्था); र स्वास्थ्य र सुरक्षा सम्बन्धी जानकारीको बारेमा स्पष्ट संचार।

## ग पर्यावरणीय

Nielsen सामाजिक उत्तरदायित्वतर्फ प्रतिबद्ध छ र पर्यावरणको सुरक्षामा आफ्नो भूमिका निर्वाह गरिरहको छ र हामी आफ्ना आपूर्तिकर्ताहरूलाई यस्तै कार्यहरूका लागि प्रोत्साहन गर्छौं। हामी हाम्रा सबै आपूर्तिकर्ताहरूले अनुमति र रिपोर्टिंगका आवश्यकताहरू लगायत सबै लागू हुने कानुन र अधिनियमहरूको पालना गरून् भन्ने चाहन्छौं। आपूर्तिकर्ताहरूले ऊर्जाको सही तरिकाले उपयोगलाई सुधार्ने र आफ्नो ऊर्जा खपत तथा ग्रिनहाउस ग्यास उत्सर्जनलाई कम गर्ने कम खर्चका प्रभावकारी विधिहरू खोज्नेछन्।

हामी हाम्रा आपूर्तिकर्ताहरूले निम्न कुराहरू पनि गरून् भन्ने चाहन्छौं: प्रदूषण रोकथाम र स्रोतमा कटौती; खतरनाक पदार्थ र रसायनको सुरक्षित व्यवस्थापन, भण्डारण, ओसार-पसार, प्रयोग र डिस्पोजल; पानीको नियन्त्रित प्रयोग र व्यर्थ प्रयोगमा कटौती; (अस्थिर जैविक रसायन, एरोसोल, कोरोसिभ, तत्व, ओजोन घटाउने रसायन र दहनउत्पाद सहित) वायु उत्सर्जनको अनुगमन र नियन्त्रण।

## घ नैतिकता र निष्ठा

आपूर्तिकर्ता र तिनीहरूका एजेन्टहरूले निम्न कुराहरू सहित नैतिकताका उच्चतम मानकहरूको पालन गर्न अनिवार्य छ

१) **व्यवसायिक निष्ठा र इमानदार व्यवहार**
सबै व्यवसाय सम्बन्धी अन्तरक्रियाहरूमा निष्ठाका उच्चतम मानहरू कायम हुनुपर्छ। आपूर्तिकर्ताहरूले Nielsen का क्लाइन्ट, सहकर्मी, र साथी व्यवसायीहरू लगायत आपूर्तिकर्ताहरूले Nielsen लाई सेवा प्रदान गर्ने सबै देशहरूका Nielsen का उद्योग र अभ्यास क्षेत्रमा लागू हुने रीति-रिवाज, नियम, अभ्यास र आचार संहिताको अनिवार्य रूपमा पालना गर्नुपर्छ।

आपूर्तिकर्ताहरूसँग शून्य सहिष्णुताको नीति हुनु पर्नेछ र घुसखोरी, भ्रष्टाचार, वसुली र धोकाधडीका कुनै वा सबै स्वरूपहरूलाई निषेध गर्नुपर्दछ।

सबै व्यावसायिक करोबारहरू पारदर्शी रूपले सम्पन्न गरिएका र आपूर्तिकर्ताका व्यापार सम्बन्धी पुस्तक र रेकर्डमा सटीक तरिकाले प्रतिबिम्बित गरिएका हुनुपर्छ। आपूआपूर्तिकर्ताहरूले कुनै पनि जाली प्रतिनिधित्व गर्ने छैनन् वा Nielsen वा Nielsen अथवा यसका क्लाइन्टहरू संलग्न रहेको कुनै पनि कारोबार वा कार्यको सम्बन्धमा झूठो जानकारी वा डेटा प्रदान गर्ने छैनन्। यसमा तथ्यहरूको झूठो विवरण बनाउनु वा झूठो डेटा आपूर्ति गर्नु वा प्रयोग गर्नु सामेल छ।आपूर्तिकर्ताहरूले त्यो कार्य मात्र स्वीकार गर्नुपर्छ जसका लागि तिनीहरू उचित रूपम कुशल र अनुभवी छन्। आपूर्तिकर्ताहरू Nielsen र यसका क्लाइन्टहरूलाई प्रदान गरिने गुणस्तरीय उत्पादन र सेवाहरूको सम्बन्धमा नैतिक आचरणडेलिभरी सुनिश्चित गर्न
यसपेशामा रहेका अभ्यासहरूको बारेमा अवगतहुनुपर्छ

आपूर्तिकर्ताका व्यावसायिक अभ्यासहरूले यी मापदण्डहरूको पालना गर्छन् भन्ने कुरा सुनिश्चित गर्न अनुगमन र प्रवर्तनका प्रक्रियाहरूको कार्यान्वयन गर्नुपर्छ।

२) **घुसखोरीको निषेध**

आपूर्तिकर्ताहरूले अनिवार्य रूपमा संयुक्त राज्य अमेरिकाको विदेशी भ्रष्टाचार अभ्यास ऐनर ब्रिटेनको युके घुसखोरी ऐनलगायतका सबै स्थानीय र अन्तर्राष्ट्रिय भष्टाचार-विरोधी कानुनहरूको पालना गर्नुपर्छ। घुसखोरी र अनुचित तथा गलतलाभहरू प्राप्त गर्ने अन्य साधनहरूको वादा, प्रस्ताव गरिने, अधिकार दिइने, यस्ता कुरा दिइने वा लिइने छैन। आपूर्तिकर्ताहरूले व्यवसाय वा कुनै व्यक्ति सँगको सीधा व्यापार हासिल गर्न अथवा कायम राख्न वा कुनै अनुपयुक्त लाभ हासिल गर्नका लागि कुनै पनि मूल्ययुक्त वस्तुको वादा, प्रस्ताव गर्ने, अधिकार दिने, यस्ता कुरा दिने वा लिने छैनन्।  नियमित सरकारी प्रकार्यको प्रदर्शनलाई गति दिन गरिने सुविधा सम्बन्धी भुक्तानीहरूलाई पनि निषेध गरिन्छ। आपूर्तिकर्ताहरू माथि निर्धारण गरे अनुसार आपूर्तिकर्ताहरूलाई सोझै गर्न निषेध गरिएको कुनै पनि काम गर्न तेस्रो पक्षसँग संलग्न हुने छैनन्।

३) **जानकारीको खुलासा**

आपूर्तिकर्ताको कामदारसँग सम्बन्धित जानकारी, स्वास्थ्य र सुरक्षा, पर्यावरणीय अभ्यास, व्यावसायिक गतिविधिहरू, संरचना, वित्तीय स्थिति र कार्यप्रदर्शनको खुलासा लागू हुने कानुन र अधिनियम तथा उद्योग जगतका प्रचलित अभ्यासहरू अनुसार गरिनेछ। आपूर्तिकर्ताहरूले आफ्ना खुलासाहरूमा गतिविधिहरू गलततरिकाले दर्शाउने छैनन्।

४) **बौद्धिक सम्पदा**

आपूर्तिकर्ताले आफ्नो जानकारी प्रणालीलाई अनधिकृत पहुँचबाट जोगाउनका लागि तयार पारिएका प्रशासकीय, भौतिक र प्राविधिक सुरक्षा लगायतका सुरक्षा व्यवस्थाहरू कार्यान्वयन गर्नेछन् तथा कायम राख्नेछन् र

nielsen

आपूर्तिकर्तालाई Nielsen माथि हानि पुग्न सक्ने तरिकाले प्रणालीमा छेडखानी गरिएको विश्वास भएमा तिनीहरूले यो कुरा तुरुन्त Nielsen लाई सूचित गर्नेछन्।
आपूर्तिकर्ताहरूले अनिवार्य रूपमा Nielsen सँगको आफ्नो सम्झौतामा अनुमति दिइएको तरिकाले मात्र Nielsen को गोप्य जानकारी, डेटा, व्यापार जानकारी, प्रतिलिपि अधिकार तथा ट्रेडमार्कहरूको प्रयोग गर्नुपर्छ र कम्तीमा यस्तो जानकारीको सुरक्षा समुचित ढंगले गर्नुपर्छ। आपूर्तिकर्ताहरूले अरुको कामको व्यापार जानकारी, ट्रेडमार्क वा प्रतिलिपि अधिकार भएको कामको दुरुपयोग, वा उल्लङ्घन गर्ने छैनन्। आपूर्तिकर्ताहरूले अरुको व्यापारिक रहस्य, वा स्वामित्व भएको वा गोप्य जानकारीको दुरुपयोग गर्नु हुँदैन वा यस्तो जानकारी अनधिकृत तेस्रो पक्ष समक्ष खुलासा गर्नु हुँदैन। आपूर्तिकर्ताहरूले कुनै आपूर्तिकर्ता वा कुनै तेस्रो पक्षद्वारा गरिने Nielsen को डेटा, व्यापार जानकारी, ट्रेडमार्क, लोगो वा गोप्य जानकारीको अनधिकृत प्रयोग बारे तुरुन्त Nielsen लाई सूचित गर्नु पर्नेछ।

५) **पहिचानको सुरक्षा र अप्रतिकार**

आपूर्तिकर्ताहरूले या त(i) Nielsen का लागि गरिने कार्य समावेश भएको यससंहिताको उल्लङ्घन वा कुनै सम्बन्धित निष्टाको मामिलाको रिपोर्ट गर्न आफ्ना कर्मचारीहरूलाई व्हिसलब्लोअर[1] हटलाइन वा यस्तै खाले प्रक्रिया कायम राख्नेछन् वा (ii) आफ्ना कर्मचारीहरूलाई Nielsen को व्हिसलब्लोअर हटलाइनमाथि पहुँच राख्न अनुमति दिनेछन्। आपूर्तिकर्ताहरूले कानुनले निषेध नगरेसम्म, आपूर्तिकर्ता र कर्मचारी ह्विसलब्लोअरको गोपनीयता, अनामिकता र सुरक्षा सुनिश्चित गर्ने कार्यक्रमहरू कायम राख्नेछन्। जुनसुकै परिस्थितिमा आपूर्तिकर्तासँग आफूले प्राप्त गर्ने यसआचार संहिताको कुनै उल्लङ्घनसँग सम्बन्धित जुनसुकै जानकारी वा आरोप तुरुन्त Nielsen लाई रिपोर्ट गर्ने सकारात्मक बध्यता हुनेछ। आपूर्तिकर्ताले कुनै कर्मचारी वा कुनै तेस्रो पक्षले कुनै दावी वा गुनासो गरेको थाहा पाउँदा त्यो कुरा पनि अनिवार्य रूपमा तुरुन्त Nielsen लाई सूचित गर्नुपर्नेछ।। Nielsen लाई गरिने सबै रिपोर्टहरू यहाँ पठाउनुपर्छ: Integrity@Nielsen.com वा https://nielsen.tnwreports.com/

६) **खनिज पदार्थहरूको उत्तरदायित्वपूर्ण निकास**

आपूर्तिकर्ताहरूसँग तिनीहरूले निर्माण गर्ने उत्पादनहरूमा रहेको खनिज पदार्थले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गम्भीर मानवाधिकार सम्बन्धी दुर्व्यवहार गर्ने दोषीलाई वित्त वा लाभ प्रदान नगर्ने कुरा तार्किक रूपमा सुनिश्चित गर्ने नीति हुनु पर्नेछ। आपूर्तिकर्ताहरूले यी खनिज पदार्थहरूको स्रोत र निगरानीको श्रृंखला पत्ता लगाउने दिशामा कठोर मिहिनेत गर्नेछन् र ग्राहकले अनुरोध गर्दा आफ्ना कठोर मिहिनेतका मापनहरू ग्राहकहरूलाई उपलब्ध गराउनेछन्।

७) **गोपनीयता र डेटाको सुरक्षा**

---

[1] ह्विसलब्लोअरको परिभाषा: कुनै कर्मचारी वा अधिकरीद्वारा वा कुनै सार्वजनिक वा आधिकारिक निकाय मार्फत कुनै कम्पनीको अनुचित व्यवहारको बारेमा खुलासा गर्ने जुनसुकै व्यक्ति।

आपूर्तिकर्ताहरूले Nielsen ले प्रदान गरेको वा Nielsen यसका क्लाइन्टको तर्फबाट आपूर्तिकर्ताले हासिल गरेको डेटा ("Nielsen को डेटा") को सुरक्षा गर्न यथोचित तरिकाले डिजाइन गरिएका नीति र प्रक्रियाहरू कायम राख्नेछन्। आपूर्तिकर्ताहरूले Nielsen को डेटाको संकलन, भण्डारण, प्रशोधन, प्रसार वा खुलासाको सम्बन्धमा रहेका गोपनीयता, डेटाको सुरक्षा र जानकारीको सुरक्षा सम्बन्धी लागू हुने कानुन र अधिनियम तथा न्यायिक मापदण्डहरूको पालना गर्नेछन्। आपूर्तिकर्ताहरूले सेवा प्रदायकसँग कार्य निष्पादन गर्न वा उपठेकेदारहरूमा प्रवाहित गर्न स्थानीय कानुन अनुसार Nielsen वा यसका क्लाइन्टहरूलाई चाहिने जुनसुकै स्वरूपको Nielsen सँगका डेटा स्थानान्तरणका उपयुक्त सम्झौताहरू सम्पन्न गर्नेछन्। अपूर्तिकर्ताले Nielsen को डेटा प्रशोधन गर्न कुनै नयाँ उपठेकेदारलाई संलग्न गर्नुभन्दा पहिले Nielsen लाई कम्तीमा ३० दिनको नोटिस प्रदान गर्नेछन् र Nielsen को डेटा प्रशोधन गर्न कुनै नयाँ उपठेकेदारलाई अनुमति दिनु अघि Nielsen को सहमति प्राप्त गर्नेछन्।

**८) हितको संघर्ष**

आपूर्तिकर्ताहरूले कुनै अनुपयुक्त असहमति समावेश गर्ने वा Nielsen को हितका लागि असहमति जस्तो देखिने जुनसुकै अवस्था वा सम्बन्ध त्याग्न अनिवार्य छ। आपूर्तिकर्ताहरूले जुनसुकै Nielsen को कर्मचारी वा Nielsen को कर्मचारीको पारिवारिक सदस्यलाई महंगा उपहार, आतिथ्य वा मनोरञ्जन पेस वा प्रदान गर्नु हुँदैन। Nielsen का कर्मचारी तथा तिनीहरूका पारिवारिक सदस्यहरूले Nielsen सँग व्यापार गर्ने जुनसुकै निकायमा कुनै प्रकारको उल्लेखनीय वित्तीय चासो राख्ने छैनन् र आपूर्तिकर्ताहरूले कुनै असहमति वा Nielsen का कर्मचारीहरूसँग असहमतिको आभास दिने यस्ता सम्बन्धहरू अनिवार्य रूपमा त्याग्नुपर्छ।

## ङ: व्यवस्थापन प्रणाली

आपूर्तिकर्ताहरूले निम्न कुरा सुनिश्चित गर्ने तरिकाले तयार पारिएको व्यवस्थापन प्रणाली स्वीकार वा स्थापना गर्नेछन्:

1) आपूर्तिकर्ताको संचालन र उत्पादनहरूसँग सम्बन्धित लागू हुने कानुन, अधिनियम र ग्राहकका आवश्यकताहरूको पालना;
2) यो संहितासँग समरूपता; र
3) यो संहितासँग सम्बन्धित संचालन सम्बन्धी जोखिमहरूको पहिचान र निराकरण। यसले निरन्तर सुधारको सुविधा पनि प्रदान गर्नेछ।

# च आचार संहितामा परिवर्तनहरू

Nielsen आपूर्तिकर्ता आचार संहिताका आवश्यकताहरू अपडेट, बदलाव वा परिवर्तन गर्ने अधिकार Nielsen सँग सुरक्षित छर आपूर्तिकर्ताहरूले यस्ता परिवर्तनहरू स्वीकार गर्नुपर्नेछ र तदनुसार कार्य गर्नुपर्नेछ। आपूर्तिकर्ताहरूद्वारा जारी गरिएको जुनसुकै कागजातमा समानेश गरिएको कुनै पनि कुरालाई यससंहिताको कुनै पनि भागको संशोधन वा सुधार मानिने छैन।